# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०७८/०७९

**विषय : सरसफाई शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि ३० दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०२/२५**

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र देश बाहिरबाट भित्रिने ब्यापारिक प्रयोजनका तरकारी,फलफुल, खसी, बोका, राँगा, भैसी, बंगुर, सुँगुर र माछाहरू खरिद बिक्रि गर्दा स्थानीय बजारमा फोहर हुने र सरसफाई गर्ने प्रयोजनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ बमोजिम सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान भए बमोजिम आगामी आ.व. २०७९/०८० का लागि यस उप महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक व्यक्ति, फर्म वा संघ संस्थाको जानकारीको लागि यो ३० दिने बिधुतिय बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलका शर्तहरू</u>

१. न्यूनतम ठेक्का अंक रू. २४,५३,४८४।- (अक्षरुपी चौबिस लाख त्रिपन्न हजार चार सय चौरासी मात्र) मु.अ.कर बाहेक कायम गरिएको छ।

२. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले २०८० साल असार मसान्तसम्म कायम रहने छ।

३. तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन, तोकिएको सिमाभन्दा बाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्ने छ।

४. बिद्युतीय बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ३००० (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

५. बोलपत्र मिति २०७९/०३/२४ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ। बोलपत्र मिति २०७९/०३/२४ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा बोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुन् पर्नेछ, उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्नेछैन।

६. बिधुतिय बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ।

७. सिलबन्दी दरभाउ पत्र दर्ता गर्नेले आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००२) मा नगद जम्मा वा सो रकम बराबरको ९० दिन म्याद भएको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ।

८. बिधुतिय बोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ।

९. ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी दुई किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ।

१०. दरभाउ पत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको, म्याद नाघी आएको दरभाउ पत्र माथी कुनै कारवाही हुने छैन।

१२. ठेक्का सम्झौता भै सके पश्चात ठेकेदारले छुट वा मिनाहाको हक दावी गर्न पाईने छैन।

१३. यस ठेक्कामा लाग्ने मु अ.कर लगायत सम्पूर्ण प्रकारका करहरुठेकेदार स्वयंले दाखिला गरी यस कार्यालयमा प्रमाण बुझाए पछि मात्र निजले राखेको बैक जमानी पत्र कार्यालय फुकुवा गरिने छ।

१४. यस सुचनामा उल्लेख हुनछुट भएका विषय प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

१५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

०८/२/२४

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय : ०९१-५२११२९ , प्र.प्र. अधिकृत : ५२०४२९ अ., ५२१४२९ नि., दमकल : १०१, फयाक्स : ५२११२९, प्र.शा. : ५२०७२९

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सुदूरपश्चिम प्रदेश, नेपाल
सरसफाई शुल्क संकलन गर्ने कार्यका लागि विद्युतीय बोलपत्र आव्हानको टेण्डर फारम दस्तुर रु. ३०००

| सि.न. | ठेक्का कार्यको विवरण | कबोल गरेको बार्षिक ठेक्का रकम (VAT बाहेक) | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा रु. | अक्षरमा रु. | | |
| १. | सरसफाई शुल्क संकलन गर्ने कार्यका लागि विद्युतीय बोलपत्र आव्हानको ठेक्का रकम | | | | |

<u>ठेकेदारको तर्फबाट</u>

नाम :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

दस्तखत :

फोन न. :

मिति :

प्रमुख प्रशासकीय अधिकृत